आज मिति २०७९ साल असार २२ गते बुधवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

<u>प्रस्तावहरु</u>

प्रस्ताव नं.१ : २०७९/३/८ को बैठकका निर्णयहरुको समिक्षासम्बन्धमा ।
प्रस्ताव नं.२ : विपद्जन्य घटनाहरुको तत्काल सम्बोधन गर्नेसम्बन्धमा ।
प्रस्ताव नं.३ : वडास्तरीय विपद् समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.४ : स्वास्थ्य समिति गठनसम्बन्धमा ।
प्रस्ताव नं.५ : नगरस्तरीय भुमिहिन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन सहजीकरण समिति सम्बन्धमा ।
प्रस्ताव नं.६ : गाडी हस्तान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.७ : कृषक सहभागिता योजनामा अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.८ : आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका सम्बन्धमा ।
प्रस्ताव नं.९ : आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठनसम्बन्धमा ।
प्रस्ताव नं.१० : प्रधानाध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.११ : बालमन्दिर मा.वि.लाई तला थप अनुमति दिने सम्बन्धमा ।
प्रस्ताव नं.१२ : निर्मल मा.वि. र सत्यवती मा.वि.को प्राप्त थप अनुदान रकम सम्बन्धमा ।
प्रस्ताव नं.१३ : अमरसिंह मा.वि.को नि.मा.वि. तह विषय परिवर्तन एवं शिक्षक सरुवा सहमति सम्बन्धमा ।
प्रस्ताव नं.१४ : प्रारम्भिक बाल शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.१५ : प्लाष्टिक घर निर्माणको लागि कृषक छनौट सम्बन्धमा ।
प्रस्ताव नं.१६ : स्वास्थ्य संस्था नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१७ : धरौटी रकम फिर्ता गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८ : कृषि व्यवसायका लागि जग्गा रजिष्ट्रेशन छुट सम्बन्धमा ।
प्रस्ताव नं.१९ : शिक्षक र कर्मचारी छनौट समिति गठन सम्बन्धमा ।

**<u>निर्णयहरुः</u>**

**<u>निर्णय नं.१:</u>** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस अघि मिति २०७९/३/८ मा भएका निर्णयहरुको समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयन गर्न गराउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२:</u>** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा वडा नं.१ देखि १४ सम्म तत्काल सम्बोधन गर्नुपर्ने विपद्जन्य घटनाहरुको विवरण लिई छलफल गरियो । तत्काल विपद्जन्य घटनाहरुमा तल लेखिए बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.न | कार्यक्रम तथा योजनाको नाम | वडा नं | विनियोजित रकम (रु) | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | भद्रुटारी कुलो मर्मत | १ | ३०,०००।०० | विपद् |
| २. | विज्ञानचौर बुल्दीखोला नाला पुननिर्माण (पैह्रो) | १ | ३,००,०००।०० | मर्मत |
| ३. | ठूलोपँधेरा भङ्गभङ्गे मार्ग मर्मत सम्हार | १ | ५०,०००।०० | विपद् |
| ४. | शान्तिनगर टोल कच्चीनाला सरसफाई | ३ | १४,९१८।०० | विपद् |
| ५. | हैरान्स क्लव, खेल प्रतियोगी सहभागिता सहयोग | ३ | २०,०००।०० | विविध |
| ६. | पृथ्वीराजमार्ग, व्यास मार्ग नाला सरसफाई | ४ | ७४,९९९।०० | विपद् |
| ७. | कन्टार चापाघाट खानेपानी पाइप मर्मत खरिद | ५ | ३७,०००।०० | ७९४ |
| ८. | चिन्तुटार क्षेत्रीगाउँ टोल कला मार्ग सरसफाई मर्मत | ५ | ३५,०००।०० | विपद् |
| ९. | भद्रकाली वाग्ले घर संरक्षण पैह्रो नियन्त्रण | ७ | २५,०००।०० | विपद् |
| १०. | मनबहादुर नेपाली, सिँचाई पाइप सहयोग | ८ | १२,०००।०० | ७८९ |
| ११. | कृष्ण मुरारी मिश्र सिँचाई पाइप सहयोग | ८ | ५०,०००।०० | ७८९ |

| | | | | |
|---|---|---|---|---|
| १२. | विष्णुमाया खाती पैह्रोबाट घर संरक्षण | ८ | ५०,०००।०० | |
| १३. | धर्मबहादुर पुवँर थापा, घर खेत संरक्षण | ९ | ५०,०००।०० | विपद् |
| १४. | कृष्ण कुमारी, घर मर्मत संरक्षण | १० | १०,०००।०० | विपद् |
| १५. | दुम्सीचौर सेवर खण्ड वडा पहुँच मार्ग मर्मत | १० | २,१७,४७६।०० | विपद् |
| १६. | डिहीगाउँ कुलो मर्मत | १० | १५,०००।०० | विपद् |
| १७. | मोतीलाल कामी परम्परागत आरन मर्मत निर्माण | ११ | ३५,०००।०० | २०० |
| १८. | अम्बिका न्यौपाने, घर संरक्षण | ११ | २०,०००।०० | विपद् |
| १९. | लिलाबहादुर पाण्डे, घर पैह्रो निर्माण सहयोग | ११ | ५०,०००।०० | विपद् |
| २०. | बाह्रबिसे कुलो मर्मत निर्माण | ११ | ३०,०००।०० | विपद् |
| २१. | वामदेव मिश्र, घर संरक्षण | ११ | ५०,०००।०० | विपद् |
| २२. | सरस्वती सुनार, घर संरक्षण पैह्रो नियन्त्रण | १२ | २०,०००।०० | विपद् |
| २३. | अगुमाया राना, घर संरक्षण पैह्रो नियन्त्रण | १२ | २०,०००।०० | विपद् |
| २४. | जिर्ण रुख कटान, कर्लुङ स्वास्थ्य चौकी नजिक | १२ | ३२,०००।०० | विपद् |
| २५. | पामर्दी खोला बाटो निर्माण मर्मत | १२ | ९४,२८४।०० | विपद् |
| २६. | निसा वि.क., छात्रवृत्ति (कक्षा १२) | १३ | ८,०००।०० | १५७ |
| २७. | आया वि.क., छात्रवृत्ति (कक्षा १२) | १३ | ८,०००।०० | १५७ |
| २८. | अपाङ्गता प्रोत्साहन भत्ता | | ४८,०००।०० | १६६ |
| २९. | विज्ञान शिक्षक समाज प्रतिष्ठान कार्यक्रम सहयोग | | ५०,०००।०० | २०८ |
| ३०. | जय प्रसाद सेढाई, कक्षा १२ सहयोग | | ८,०००।०० | १५७ |
| ३१. | रामचन्द्र गौतम, सवारी साधन मर्मत | | १८,०००।०० | २६ |
| ३२. | ओलम्पिक खेलका लागि सहयोग | | २५,०००।०० | विविध |
| ३३. | रोजन आले उपचार खर्च | १३ | २५,०००।०० | ३९ |
| ३४. | सर्वज्योति विद्यालय अगाडीको चौतारो मर्मत | १० | १,००,०००।०० | विविध |
| ३५. | तोला प्रसाद जैसी सिंचाई पाईप खरिद | १३ | २४,०००।०० | विविध |
| ३६. | गोल्ला मोटर मार्ग पहिरो नियन्त्रण | १२ | ७२,०००।०० | विपद |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ६ (१) बमोजिम व्यास नगरपालिका सबै १४ वडाहरुमा वडा अध्यक्षको अध्यक्षतामा निम्नानुसार वडा विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक – सम्बन्धित वडाको अध्यक्ष
(२) सदस्य – सम्बन्धित वडाका निर्वाचित सबै सदस्यहरु
(३) सदस्य – सम्बन्धित वडाका शाखा प्रमुख
(४) सदस्य – राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका वडास्तरीय प्रमुख वा प्रतिनिधि
(५) सदस्य – स्थानीय रेडक्रस प्रतिनिधि
(६) सदस्य – वडा अध्यक्षले तोकेको वडा भित्रका गैह्र सरकारी, सामुदायिक, युवा क्लवका २ जना महिला सहित ४ जना
(७) सदस्य-सचिव– सम्बन्धित वडा सचिव

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७५ बमोजिम व्यास नगरपालिका भित्रका सबै वडाहरुमा सम्बन्धित वडा अध्यक्षको अध्यक्षतामा सम्बन्धित स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आधारभुत सामुदायिक स्वास्थ्य इकाई, स्वास्थ्य

सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिमा संरक्षक नगर प्रमुख रहने गरी निम्नानुसार पदाधिकारी सदस्य रहने गरी गठन गर्ने निर्णय गरियो ।

(१) संरक्षक – नगर प्रमुख
(२) अध्यक्ष – स्वास्थ्य संस्था रहेको वडाको अध्यक्ष
(३) उपाध्यक्ष – वडा समितिले मनोनित गरेको निर्वाचित महिला सदस्य मध्ये एक जना
(४) सदस्य – स्थानीय व्यापार संघको प्रतिनिधि एक जना
(५) सदस्य – वडा समितिबाट मनोनित स्वास्थ्य स्वयंसेवक मध्ये एक जना
(६) सदस्य – वडा कार्यालयका सचिव
(७) सदस्य-सचिव – स्वास्थ्य संस्था प्रमुख

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को नियम ४ (१) अनुसार भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको पहिचान तत्काल संकलन, प्रमाणीकरण तथा नाम नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न यस व्यास नगरपालिकामा निम्नानुसार नगरस्तरीय र वडास्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

**(क) नगरस्तरीय सहजीकरण समितिः**

(१) संयोजक श्री वैकुण्ठ न्यौपाने – नगर प्रमुख
(२) उपसंयोजक श्री इन्दिरा दरै – उपप्रमुख
(३) नेपाली काँग्रेस (राष्ट्रिय मान्यता प्राप्त) – सदस्य
(४) ने.क.पा. एमाले (राष्ट्रिय मान्यता प्राप्त) – सदस्य
(५) ने.क.पा. माओवादी केन्द्र (राष्ट्रिय मान्यता प्राप्त) – सदस्य
(६) न.क.पा. एकिकृत समाजवादी (राष्ट्रिय मान्यता प्राप्त) – सदस्य
(७) जनता समाजवादी (राष्ट्रिय मान्यता प्राप्त) – सदस्य
(८) राष्ट्रिय प्रजातन्त्र (राष्ट्रिय मान्यता प्राप्त) – सदस्य
(९) संयुक्त जनमोर्चा (राष्ट्रिय मान्यता प्राप्त) – सदस्य
(१०) सदस्य, श्री चन्द्रमाया परियार – सदस्य
(११) सदस्य, श्री रनसिंह नेपाली – सदस्य
(१२) समितिले मनोनित गर्ने (१ महिला, १ दलित सहित ३ जना)
(१३) सदस्य-सचिव श्री डिल्लीराम सिग्देल – प्रमुख प्रशासकीय अधिकृत

**(ख) वडा सहजीकरण समितिः**

स्थलगत रुपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुऱ्याउन देहाय अनुसार वडास्तरीय भूमिहिन र अव्यवस्थित बसोवासी सहजीकरण समिति गठन गरिएको ।

(१) अध्यक्ष – वडा अध्यक्ष
(२) सदस्य – सबै वडा सदस्यहरु
(३) सदस्य – राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका वडास्तरीय १/१ जना प्रतिनिधि
(४) सदस्य – समितिले मनोनित सम्बन्धित क्षेत्रका १ महिला, १ दलित सहित ३ जना
(५) सदस्य-सचिव – वडा सचिव

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको नाउँमा खरिद गरिएको ग१झ ५४३ नं. को सवारी साधन (स्कारपियो जिप) मिति २०७७/२/२५ को च.नं. ४६७२ को पत्रानुसार जिल्ला समन्वय समिति तनहुँलाई कार्यालय सञ्चालनका लागि प्रमुखज्यूलाई उपलब्ध गराइएकोमा यातायात सम्बन्धी विभिन्न दायित्व र अन्य दुर्घटना समेतको अवस्थामा यस नगरपालिकालाई कानूनी दायित्व बहन गर्न कठिनाई पर्ने हुँदा उक्त ग१झ ५४३ नं. को सवारी साधन जिल्ला समन्वय समिति तनहुँलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७८/०७९ को बजेट शीर्षक नं.२३०.१ अन्तर्गत खर्च हुने गरी साना सिँचाई तर्फ प्रति स्किम रू.७५,०००। शतप्रतिशत अनुदान निम्नानुसार ७ लाई र मिनी टिलर तर्फ प्रति व्यक्ति रू.३०,०००। ५०% अनुदानमा निम्नानुसार ५ जनालाई समेत जम्मा रू.६,७५,०००। थप योजनाका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| **(क) साना सिँचाई तर्फ** | |
| १. | पाटने कुलो ब्लक (ख) व्यास ६ सिशाघाट |
| २. | जुडीखेत कुलो ब्लक (ख) व्यास ६ |
| ३. | भेडेरह बन्दिपुरे ब्लक भेडेरह चारहजार बाँधकुलो मर्मत, व्यास ५ |
| ४. | बाह्रबिसे ब्लक भलाहडाँडा सितेनी कुलो मर्मत, व्यास ६ |
| ५. | बाह्रबिसे ब्लक भलाहडाँडा सिन्धुरी कुलो मर्मत, व्यास ६ |
| ६. | अम्रेनी ब्लक गडुले कुलो (क) व्यास ६ |
| ७. | अम्रेनी ब्लक गडुले कुलो (ख) व्यास ६ |
| **(ख) मिनी टिलर तर्फ :** | |
| १. | तिर्थ थापा, व्यास ९ |
| २. | हिरा सापकोटा, व्यास ५ |
| ३. | ओमबहादुर निउरे, व्यास ७ |
| ४. | मेलबहादुर दरै, व्यास १० |
| ५. | गंगाबहादुर दरै, व्यास १० |

**निर्णय नं. ८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०७९ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ को नियम २.८.१ (अ) बमोजिम निम्नानुसार व्यास नगर आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक श्री वैकुण्ठ न्यौपाने – नगर प्रमुख
(२) सदस्य श्री इन्दिरा दरै – उपप्रमुख
(३) सदस्य श्री सुरेश थापा – सुशासन समिति अध्यक्ष
(४) सदस्य श्री विष्णु कुमार श्रेष्ठ – अध्यक्ष वडा नं. ५
(५) सदस्य श्री नरिमाया राना – कार्यपालिका सदस्य
(६) सदस्य श्री हेमन्त गुरुङ्ग – वित्तीय व्यवस्थापन शाखा
(७) सदस्य सचिव श्री कुमार कंचन जि.सी. – आ.ले.प. शाखा

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.९ माझफाँट स्थित सरस्वती आधारभुत विद्यालयको प्रधान अध्यापकमा श्री इन्द्रकला आचार्यलाई नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ स्थित श्री बालमन्दिर मा.वि.का लागि साविक जिल्ला शिक्षा कार्यालय हालको शिक्षा विकास तथा समन्वय इकाई मार्फत आ.व.२०७४/०७५ मा २ कोठे ट्रष्ट निर्माणका लागि विद्यालयको खातामा निकासा गरिएको रू.१३,५०,०००। (तेह्र लाख पचास हजार) विविध कारणले निर्माण हुन नसकेको साथै हाल विद्यालयको आवश्यकता अनुसार विद्यालयमा निर्माण सम्पन्न हुन बाँकी ८ कोठे भवन (हाल ४ कोठा मात्र निर्माण सम्पन्न भएको) मा तला थप गर्न सकिने भनी प्राविधिक मूल्याङ्कन भएकोले उक्त भवनमा २ कोठे ट्रष्टको योजना परिवर्तन गरी पक्की तला थप माग भएको र सो सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाईसँग समेत राय माग गर्दा स्थानीय तहले नै अनुमति दिन सक्ने उल्लेख भएकोले बाल मन्दिर मा.वि.लाई तला थप पक्की भवन निर्माणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ स्थित निर्मल माध्यमिक विद्यालय र व्यास २ स्थित सत्यवती मा.वि. मा गत आ.व.२०७७/०७८ मा नमुना विद्यालयका लागि प्राप्त अनुदान रकम मध्ये गुरु योजना अनुसार शैक्षिक र भौतिक निर्माणका लागि निकासा गरिएको बजेटबाट भौतिक निर्माण तर्फ कार्य सम्पन्न हुने क्रममा रहेको तथा शैक्षिक सुधारका लागि विविध कार्य गरी कार्य सम्पन्न गरेकोले यस आ.व.२०७८/०७९ मा प्राप्त बजेट सम्बन्धित विद्यालयको खातामा निकासा गर्न निवेदन प्राप्त भएकोले विद्यालयको खातामा रकम निकासा गरी रकम रोक्का राख्ने र कार्य सम्पन्न मूल्याङ्कनका आधारमा रकम फुकुवा गर्दै जान सम्बन्धित शाखा र कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३ :** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास ११ स्थित अमर सिंह मा.वि. धरमपानीमा विज्ञान विषय, नि.मा.वि.मा पटक-पटक विज्ञापन गर्दा शिक्षक दरबन्दीलाई पूर्णता दिन नसकिएको हुँदा विद्यालयलाई आवश्यक विषय नेपाली विषय कायम गरी विज्ञान विषय परिवर्तन गरी पाउँ भनी विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएकोले उक्त विषय परिवर्तन गरी नेपाली विषय कायम गर्न र उक्त विषय दरबन्दीमा व्यवस्थापन समितिको निर्णयानुसार लमजुङ जिल्ला दुधपोखरी गाउँपालिका स्थित सानो काभ्रे मा.वि.मा नि.मा.वि. तहमा कार्यरत नेपाली शिक्षक श्री शारदा लम्साललाई सरुवा गरी पदस्थापन गर्न सहमति दिने निर्णय गरियो ।

**निर्णय नं.१४ :** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास ७ स्थित श्री क्यामिन मा.वि. कलेस्तीमा कार्यरत प्रारम्भिक बाल शिक्षक निर्मला न्यौपाने (घिमिरे) एकल महिला हुनु भई बाल मन्दिर मा.वि. मा स्थानान्तरण हुन पाउँ भनी निवेदन दिनु भएको र निजका छोरा छोरी दमौली मै पढ्ने भएकोले निज निर्मला न्यौपानेलाई व्यास २ बाल मन्दिर मा.वि. मा र व्यास ९ कात्तिकेचौरमा कार्यरत प्रारम्भिक बाल शिक्षक श्री जुना गुरुङ्गलाई उक्त विद्यालयमा विद्यार्थी नभई समायोजन भएकोले व्यास ७ क्यामिन मा.वि. कलेस्तीमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/११/१८ गते कृषि शाखाको सूचना अनुसार ७५% अनुदानमा वितरण गर्ने प्लाष्टिक घरका लागि निवेदन माग गरिएकोमा ९ वटा निवेदन पर्न आएकोले व्यवसायको अभिरुची तालिम, अनुगमन, भौगोलिक अवस्था २५% लागत समझदारी गर्न सक्ने र अनुदान नपाएका मापदण्ड बनाई फिल्ड प्राविधिकको राय लिई छनौट भएका निवेदकहरु कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

१. जीवन पोखरेल, व्यास १०
२. बावुराज पौडेल, व्यास ५
३. हर्कबहादुर कार्की, व्यास १२
४. लक्ष्मण साँखी, व्यास ५
५. मानबहादुर कोइराला, व्यास ११
६. लक्ष्मी हमाल ठकुरी, व्यास ५
७. सूर्यनाथ अधिकारी, व्यास १०

**<u>निर्णय नं.१६:</u>** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था नविकरणका लागि आवेदन पेश गर्ने देहाय बमोजिमका स्वास्थ्य संस्थाहरुको नविकरणका लागि स्वास्थ्य तथा जनसंख्या शाखाबाट सिफारिस भई आए बमोजिम व्यास नगरपालिकाको "व्यास नगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमती तथा नवीकरण निर्देशिका २०७६" बमोजिम हुने गरी नवीकरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क.सं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको ठेगाना |
|---|---|---|
| १. | सिन्धु प्याथोलोजी मेडिकल ल्याव | व्यास २ |
| २. | एन्जिल प्याथोलोजी ल्याव | व्यास ३ |

**<u>निर्णय नं.१७:</u>** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा तनहुँ बीज भण्डार, इशानेश्वर बीज भण्डार, पशुपती बीज भण्डार र क्यामिन मौरीपालन उद्योगले जम्मा गरेको धरौटी रकम रू.१,२३,६६५। (एक लाख तेइस हजार छसय पैसट्ठी) यस नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेकाले राजश्व व्यवस्थापन खर्च शीर्षकबाट फिर्ता दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१८:</u>** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ बस्ने प्रो. श्री अञ्जना श्रेष्ठबाट सञ्चालन हुँदै आएको अञ्जना पोल्ट्री एण्ड कृषि फार्म प्रा.लि.ले कृषि सम्बन्धी व्यवसाय सञ्चालन गरी थप विस्तार प्रवर्द्धनका लागि व्यास नगरपालिका वडा नं.११ बस्ने विष्णुकुमार श्रेष्ठ, श्रीमाया श्रेष्ठ, मोहन कुमार श्रेष्ठ र नवराज श्रेष्ठको नाममा रहेको साविक फराकचौर नक्सा नं. ५/घ कि.नं. ४५, ४६, ४७, ४८, ४९, ५०, ५१ र ५२ क्षेत्रफल १-२-३-२, १-२-३-२, १-२-३-१, १-२-३-२, ३-२-०-३, ३-२-०-२, ३-२-०-२ र ३-२-०-१ रहेको कृषिजन्य जग्गा उल्लेखित प्रा.लि. ले रजिष्ट्रेशन गरी लिन लागेकाले नियमानुसार रजिष्ट्रेशन शुल्कमा छुट गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१९:</u>** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ मा स्थापना गरिएको समता विद्यालयमा केही शिक्षक तथा कर्मचारी राख्नका लागि विज्ञापन गरिएकोमा सो छनौट गर्न देहाय बमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| -संयोजक | श्री डिल्लीराम सिग्देल, प्रमुख प्रशासकीय अधिकृत |
| -सदस्य | श्री कुमार कंचन जि.सी., वरिष्ठ आलेप अधिकृत |
| -सदस्य | श्री रामचन्द्र हड्खले, प्रशासकीय अधिकृत |
| -सदस्य | श्री गोकर्णराज वाग्ले, सूचना अधिकृत |
| -सदस्य सचिव | श्री नविन पराजुली, शिक्षा अधिकृत |